# मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड को

# सातौं वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२२**

यस मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०२/१८ मा बसेको ११४ औं बैठकको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहाय बमोजिमका विषयहरूमा छलफल गरी प्रस्ताव पारित गर्नु पर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभाहुने मिति, समय र स्थानः**

- मितिः २०८३ साल आषाढ महिना १३ गते, शनिवार
- समयः विहान ११:३० बजे
- स्थानः होटल हार्दिक, बागबजार, काठमाडौं

**साधारण सभाका विषयसूचीः**

१. सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

३. आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।

४. कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीको नियम २९ बमोजिम स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने।

५. सञ्चालक समितिको निर्णयानुसार एक जना सञ्चालकलाई कम्पनीको पूर्णकालिन समय काममा लगाए वापतको पारिश्रमिक अनुमोदन गर्ने।

६. विविध।

**विशेष प्रस्तावः**

१. कम्पनीको नियमावलीको नियम २७ र ३१ मा कम्पनी ऐन, २०६३ अनुकूल हुने गरी संशोधन गर्ने।

२. कम्पनीको प्रबर्धनमा निर्माण हुने आयोजनाको वित्तीय व्यवस्थापनको लागि बैंकबाट दीर्घकालिन ऋण लिई वित्तीय व्यवस्थापन गर्ने सम्बन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**शेयरधनी महानुभावहरूका लागि जानकारीः**

१. साधारण सभामा सहभागी हुन शेयरधनीहरूले आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा ल्याउनु पर्नेछ।

२. कुनै शेयरधनी स्वयं उपस्थित हुन नसकेमा कम्पनीको नियमावली बमोजिम प्रतिनिधि (Proxy) नियुक्त गर्न सकिनेछ।

३. सभासम्बन्धी थप जानकारीका लागि कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**